१०. पर्न आएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यलयमा सुरक्षित हुनेछ ।

११. बोलपत्र सम्बन्धि अन्य कुरा बुझ्नु परेमा कार्यलय समय भित्र यस कार्यलयमा सम्पर्क गरि बुझ्न सकिने छ।

१२. कानून ऐन तथा नियमावलीले निषेधित गरिएको तरिका अपनाई माछा मार्न पाईने छैन । माछा समातु पर्दा बंसी वा जालको प्रयोग गर्नु पर्ने छ। र माछा मार्दा स्थानीय मलाहहरुलाई प्राथमिकता दिनु पर्ने छ । माछा समातु पर्दा बिष तथा करेन्ट वा बातावरणमा प्रतिकुल असर गर्ने अन्य कुनै तरिकाको प्रयोग गर्न पाइने छैन। जवरजस्ती विषादी औषधी प्रयोग गरेमा यसबाट हुने धनजनको क्षति ठेक्केदार स्वंयमले तिर्नु पर्नेछ ।

१३. बोलपत्र स्वीकृत भएको पत्र प्राप्त भएको १५(पन्ध्र)दिन भित्र(बाटोको म्याद बाहेक) बोलपत्र दाताले सम्झौता गर्न नआएमा वा दाखिला गर्नुपर्ने रकम दाखिला नगरेमा निजले नियमानुसार धरौटी राखेको रकम जफत गरिने छ ।

१४. आफुले कबुल गरेको बार्षिक ठेक्का अंकको एकमुष्ट रकम यस कार्यालयको आन्तरिक राजश्व खातामा दाखिला गर्नु पर्ने छ र बाँकी किस्ताको हकमा बैंक ग्यारेन्टी वा धन जमानी पेश गर्नु पर्ने छ,धन जमानीको हकमा गाँउपालिकाले गरेको मुल्याङ्कन वा नेपाल सरकारबाट मान्यता प्राप्त कन्स्लटेन्सीले पेश गरेको मुल्याङ्कनलाई आधार मानी मात्र सम्झौता भई चलन पट्टा दिईने र प्रत्येक आगामी आ.ब.को बार्षिक कबुल अंकको एकमुष्ट रकम प्रत्येक चालु आ.ब. को असार मसान्त भित्र नगदै दाखिला गर्नु पर्नेछ ।

१५. तोकिएको समयमा किस्ता रकम नबुझाएमा गाउँपालिकाले १५ दिन, ७ दिन,३दिन तथा २४ घण्टे पत्राचार गरी ताकेता गर्न सक्नेछ तथा तोकिएको समयमा किस्ता नबुझाएको खण्डमा जमानत जफत गरिनेछ ।

१६. गाउँपालिकाबाट बेला बेलामा दिईएको नीति,निर्देशन पालना गर्नु सम्बन्धित ठेकेदारको कर्तब्य हुनेछ ।

१७. ठेक्का सम्बन्धि कार्यालय तथा ठेकेदार बीच कुनै बिबाद उत्पन्न भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

१८. सुचनामा उल्लेख भएको हकमा यही सुचना बमोजिम र उल्लेख नभएको हकमा सार्बजानिक खरिद ऐन,२०६३, स्थानीय सरकार संचालन ऐन २०७४,तथा चन्द्रनगर गाउँ कार्यपालिकाबाट स्वीकृत नियमावाली वा कार्यविधि वा प्रचलित कानून बमोजिम हुनेछ ।

१९. ठेक्का अवधि भरमा ठेक्केदारलाई कुनै प्रकारको क्षती भएमा ठेक्केदारले सप्रमाण सहित निवेदन पेश गरेमा गाउँपालिकाको निर्णय अनुसार हुनेछ ।

२०. ठेक्केदारले पोखरीको भौतिक संरचना बिगार्ने,क्षती गर्ने तथा माछा मार्ने बेलामा अत्यधिक पानी निकाल्ने सुकाउने कार्य गर्न पाउने छैन ।

२१. हाल जुन अवस्थामा पोखरी ठेक्का दिएको छ सोही अवस्थामा ठेक्का समाप्त भए पछि ठेक्केदारले जलकुम्भी तथा अन्य कुनै किसिमको झारपात भए सो समेत सफा गरी उक्त पोखरी गाउँपालिकालाई जिम्मा लगाउनु पर्ने छ ।.

२२. सम्बन्धित पोखरीको पानी ठेक्केदार वा अन्य व्यक्तिले कुनै किसिमको सिचाई वा अन्य प्रयोजनका निम्ति गाउँपालिकाको पुर्व स्वीकृती बिना प्रयोग वा बेचबिखन गर्न पाईने छैन ।

२३. नाढीमन तालमा साबिकदेखि संचालन भइ आएको मोटर वोट र पैडल बोट लगायत सबै किसिमका बोटहरु संचालन तथा पर्यटकीय प्रर्वद्धनका लागि मनोरंजनात्मक पुर्वाधार निर्माण र संचालन गर्न साथै पर्यटकीय आवत जावत र मनोरंजनमा कुनै किसिमको बाधा पुर्‍याउन पाउने छैन ।

२४. नाढीमन ताल परिसरमा निर्मित पार्क फुटपाथ बगैचा आरती घाट लगायत भौत्तिक संचनाहरुमा असार पार्ने फोहर गर्ने तथा स्वरुप बिगारेमा त्यस्तो संरचना बनाउन वा सरसफाइ गर्न लाग्ने खर्च ठेक्केदारको जमानतबाट बेहोर्नु पर्ने छ ।

जय किशोर साह
प्रमुख प्रशासकीय अधिकृत